अनिवार्य नेपाली

कक्षा १२ **समय : ३ घण्टा** **पूर्णाङ्क : ५०**

विद्यार्थीहरूले सकेसम्म आफ्नै शब्दमा उत्तर दिनुपर्ने छ। दायाँ किनारामा दिइएको अङ्कले पूर्णाङ्क जनाउँदछ।

१. दिइएको अनुच्छेदमा रेखाङ्कन गरिएका शब्दहरूको अक्षर संरचना देखाई अक्षर सङ्ख्या लेख्नुहोस्। (३)

वातावरण प्रदूषणका कारण देखिएको नकारात्मक असरका विषयमा विभिन्न पक्षबाट बहस भइरहेको छ। यसका बारेमा चौतर्फी बहस भए पनि पूर्णतः समाधानको उपाय भने निस्किएको छैन।

www.tamangkesha.com.np

२. दिइएको अनुच्छेदलाई शुद्ध गरी पुनर्लेखन गर्नुहोस्। (३)

जीवन सङ्घर्षमय र रमणीय पनि छ। जीवन जिउने पद्धतिले पनि यसमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ। सम्पत्ति, इज्जत र काममध्ये कुन पक्षलाई बढी महत्त्व दिइन्छ भन्ने आधारमा यसको प्रतिफल पनि निर्धारण हुन्छ।

३. कुनै एक प्रश्नको उत्तर दिनुहोस्। (२)

क. दिइएको अनुच्छेदबाट एउटा पारिभाषिक शब्द र एउटा अनुकरणात्मक शब्द पहिचान गरी तिनलाई वाक्यमा प्रयोग गर्नुहोस्।

हरेक आर्थिक वर्षमा खुरुखुरु राजस्व तिर्ने बानीले जरिवाना तिर्नुपर्दैन। राज्यकोषमा जम्मा भएको उक्त रकमले विकासका कार्यक्रमहरू—सडक निर्माण, वृक्षारोपण, शिक्षा तथा स्वास्थ्यका क्षेत्रमा फटाफट लगानी गरी लाभ लिन सकिन्छ।

ख. दिइएको अनुच्छेदबाट एउटा उखान र एउटा टुक्का पहिचान गरी तिनलाई वाक्यमा प्रयोग गर्नुहोस्।

जब पर्यो राति तब बुढी ताती भन्छन्। परीक्षाको तालिका आएपछि मात्र कालोनिलो भएर पढ्न कस्सिएको रामलाई देखेर अभिभावकले "अचानाको पीर खुकुरीले जान्दैन" भन्दै चित्त दुखाए। यसरी अभिभावकको ओठमुख सुक्ने अवस्था आउनु राम्रो होइन।

४. दिइएको अनुच्छेदमा रेखाङ्कन गरिएका शब्दहरूको पदवर्ग पहिचान गरी लेख्नुहोस्। (३)

जान्नेको सहयोग लिई उनले पुराना घडी तथा रेडियोका पाटपुर्जाबाट कम्प्युटर बनाएका थिए र यसबाट उनी अवधारणात्मक गणितीय समीकरणको समाधान गर्ने गर्थे।

५. दिइएको अनुच्छेदबाट दुईओटा तत्सम र दुईओटा आगन्तुक शब्द पहिचान गरी लेख्नुहोस्। (२)

मानिसहरू ग्रामीण क्षेत्रबाट रोजगारीका लागि सहरतिर प्रवेश गर्छन्। चाहेजस्तो जागिर नपाउँदा कतिपय त फेरि गाउँतिर फर्केर खेतीपाती गरी रमाएका पनि छन्।

६. कुनै एक प्रश्नको उत्तर दिनुहोस्। (३)

क. दिइएको अनुच्छेदबाट तीनओटा उपसर्ग व्युत्पन्न र तीनओटा प्रत्यय व्युत्पन्न शब्द पहिचान गरी तिनको निर्माण प्रक्रिया देखाउनुहोस्।

आजको अभिभावक सामाजिक र राष्ट्रिय उत्तरदायित्वसमेत वहन गर्न सक्षम हुनुपर्दछ। उनीहरूले शिक्षित र स्वावलम्बी जनशक्तिको उत्पादन गर्दै औद्योगिक र व्यावसायिक परिवेश निर्माण गर्न सामर्थ्यशील हुनुपर्दछ।

ख. दिइएको अनुच्छेदबाट तीनओटा समस्त शब्द र तीनओटा द्वित्व व्युत्पन्न शब्द पहिचान गरी समस्त शब्दको

विग्रह र द्वित्व व्युत्पन्न शब्दको निर्माण प्रक्रिया देखाउनुहोस्।

गर्मी बढेसँगै लामखुट्टे फैलिने हुनाले सरसफाइमा ध्यान दिनुपर्छ भनेर नीलाम्बरले आजभोलि गाउँगाउँमा सूचना गरिरहेको छ। यस्ता कुरा बुढापाका व्यक्तिहरूलाई जानकारी गराउनुपर्छ। लामखुट्टेले रातदिन टोकटाक गर्दै रोगसोग सार्न सक्छ। हामीले आआफ्नो घरआँगनलाई सफा राखी यसबाट बच्नु आवश्यक छ।

७. कुनै एक प्रश्नको उत्तर दिनुहोस्। (४)

क. दिइएको अनुच्छेदमा रेखाङ्कित पदहरूको कारक पहिचान गरी कारकको नाम लेख्नुहोस्।

बारीमा कोदालीले खनेर पनि राम्रो तरकारी उमार्न सकिन्छ। कुलो, नहर आदि नभएका ठाउँमा धारो र इनारबाट बाल्टीले पानी फिकेर सिँचाइ गर्न सकिन्छ।

आमाले यसरी गाउँघरमा फलाएको तरकारी मलाई पठाइदिनुहुन्छ। मैले त्यो तरकारी नियमित खाने गरेको छु।

ख.तलको अनुच्छेदलाई तृतीय पुरुषमा परिवर्तन गर्नुहोस् :

म निकै ज्ञानी छु।अरुले भनेको कुरा मान्छु।ज्यादै कम बोल्छु।सोधेको प्रश्नको उत्तर दिन्छु।

८.दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् : (४)

खगोल विज्ञान विश्व वैज्ञानिक इतिहासमा प्राचीन विज्ञानका रूपमा स्थापित छ। अहिले खगोल विज्ञानका क्षेत्रमा धेरै महत्त्वपूर्ण उपलब्धिहरू प्राप्त भइसकेका छन्। यसतर्फको वैज्ञानिक अध्ययन अहिले ज्ञात ब्रह्माण्डीय पिण्डभन्दा पनि अज्ञात ग्रह तथा पिण्डको रहस्य खोतल्न लक्षित भएको छ। अहिलेका खगोलविद्हरू ब्रह्माण्ड निर्माणको भौतिक तथा रासायनिक प्रक्रियाको अध्ययनमा जुटेका छन्। खगोल विज्ञानको इतिहास केलाउने हो भने हामीले प्राचीन सभ्यतामा पुग्नै पर्छ। उत्पत्तिकालदेखि नै मानव जातिले ग्रह तथा आकाशीय पिण्डहरूका विषयमा जानकारी राख्न गरेको प्रयासलाई खगोल अध्ययनको पहिलो प्रहर मान्न सकिन्छ। ग्रहहरूको प्रक्रिया, जलवायु वा मौसमको परिवर्तन यी सबै प्राग्मानवका प्रारम्भिक जिज्ञासाहरू थिए।

www.tamangkesha.com.np

प्राचीन मिश्रका नागरिकहरूले प्रत्येक वर्ष बाढी आउनुपूर्व आकाशमा नक्षत्र एक निश्चित स्थितिमा हुन्छ भन्ने पत्ता लगाए। यो पर्यवेक्षण नै प्रमाणयुक्त खगोल अध्ययनको पहिलो पाइला थियो। यो खोजपछि नै उनीहरूलाई नक्षत्रयुक्त आकाशको मानचित्र बनाउन सफलता मिल्यो। फलतः मिश्रवासीहरू यसकै आधारमा पञ्चाङ्ग निर्माण गर्न सफल पनि भए र उनीहरूले नै एक वर्षमा ३६५ दिन हुन्छ भन्ने पत्ता लगाए। सूर्य तथा चन्द्रग्रहणको भविष्यवाणी आजको आधुनिक खगोल विज्ञानमा सहज बनिसकेको छ। प्राचीन बेबिलोनवासीहरूले ग्रह तथा नक्षत्रको अध्ययन गरी सूर्य तथा चन्द्रग्रहणको भविष्यवाणी गर्न पहिलोपल्ट सफल भएका थिए। वर्षलाई महिना, सप्ताह, दिन, घण्टा र मिनेटमा बाँड्ने प्रक्रिया पनि बेबिलोनबाटै प्रारम्भ भएको हो। उनीहरूको सोचाइ थियो—आकाश ठूलो चाल्नीजस्तै छ, जसमा असङ्ख्य छिद्रहरू छन् र यिनै छिद्रहरूबाट पृथ्वीमा वर्षा हुन्छ।

प्रश्नहरू :

क. अहिले खगोल वैज्ञानिकहरू कुन कुराको अध्ययनमा केन्द्रित छन् ?

ख. प्रमाणयुक्त खगोल अध्ययनको पहिलो पाइला के थियो ?

ग. बेबिलोनवासीहरू सूर्य तथा चन्द्रग्रहणको भविष्यवाणी गर्न कसरी सफल भए ?

घ. वर्षमा ३६५ दिन हुन्छ भन्ने कुरा के आधारमा पत्ता लाग्यो ?

९. दिइएको अनुच्छेद पढी मुख्य मुख्य चारओटा बुँदाटिपोट गर्नुहोस् र एकतृतीयांशमा सारांश लेख्नुहोस् : (२+३)

जिज्ञासा नै ज्ञानको बीज हो। जिज्ञासा वृत्तिलाई विकसित गर्नु र त्यसमा उत्तम संस्कारको स्थापना गर्नुमा नै शिक्षाको उपयोगिता रहेको हुन्छ। यसै कारणले जुन शिक्षाले मानवमा सद्वृत्तिको जागरण गर्दछ, त्यसले मानवलाई भोगप्रधान ऐश्वर्यको बाटोतर्फ लैजाँदै कल्याणप्रधान श्रेयमार्गतर्फ माग्दछ। मानव मनमा मानवलाई एक श्रेष्ठ जीवनमूल्य बनाइदिन्छ। त्यो शिक्षा आजको युगमा झन् आवश्यक छ। अनेक जटिल समस्याको कारण बन्न पुगेको छ। त्यसैले शिक्षा हाम्रो धर्म र संस्कृतिको अनुकूल हुनुपर्छ। विद्यालयमा मात्र सबै कुरा सिकिन्छ भन्नु ठुलो भूल हो। बालक परिवारमा, बाटामा, विद्यालयमा र समाजमा सिकिरहेको हुन्छ। आफ्ना मातापिता, साथीभाइ, परिचित, अपरिचित मानिसको व्यवहारबाट पनि धेरै सिकिरहेको हुन्छ। त्यसकारण समाजको वातावरण पनि असल हुनुपर्छ। समाजको वातावरणको परिष्कार गर्नु आवश्यक छ। यसका लागि

अर्थप्रधान जीवनदृष्टिका ठाउँमा कर्तव्यप्रधान जीवनदृष्टिको स्थापना अत्यन्त आवश्यक छ। कर्तव्यप्रधान संस्कृतिमूलक शिक्षाबाट मानव असल त हुन्छ नै, साथै सभ्य पनि हुन्छ

१०. कुनै एकको व्याख्या गर्नुहोस् : (४)

क. प्रकृतिसित जुध्नु नै जीवनको रमाइलो हो।

ख. उकालीको चिसो पानी अञ्जुलीले खाउँला
देजरालीको बिसौनीमा सुसेलीले गाउँला।

११. कुनै एक प्रश्नको समीक्षात्मक उत्तर दिनुहोस् : (८)

क. डाक्टर गोविन्दप्रसाद कस्तो पात्र हो ? उसले नानीथकुलाई किन आफ्नो बनाउन सकेन ? 'एक चिहान' उपन्यासका आधारमा विवेचना गर्नुहोस् ।

ख. `नारी प्रेम र संघर्षका प्रतिमूर्ति हुन्' यस भनाइलाई `विरहिणी दमयन्ती' पाठका आधारमा पुष्टि गर्नुहोस् ।

१२. कुनै एक शीर्षकमा कम्तीमा २५० शब्दको निबन्ध लेख्नुहोस् : (९)

क. मेरो देश : मेरो कर्मभूमि

ख. खेलकुदको महत्त्व

ग. सामाजिक सञ्जालको सदुपयोग

www.tamangkesha.com.np

समाप्त